पुचौंडी नगरसभाको १९ औँ बैठक
नगर उपप्रमुख श्रीमती मिना धानुकज्यूले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

## पुचौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, वैतडी

२०८३ असार १० गते बुधबार

## पुर्चौडी नगरपालिकाको बजेट वक्तव्य-२०८३

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु ,**

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको अनुमान यस गरिमामय नगर सभाको १९ औँ अधिवेशनमा प्रस्तुत गर्न उपस्थित भएको छु । नगरबासीका विकासका आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगरसभाको अधिवेशनमा प्रस्तुत गर्दछु ।

यस अवसरमा सर्वप्रथम, म मुलुकको शासन प्रणाली र सामाजिक रुपान्तरणका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । विभिन्न समयमा भएका जनआन्दोलनमा घाइते तथा बेपता नागरिक एवम् अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु । त्यसैगरी गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनमा भएका सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै घाइते सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्वान्त, नीति तथा दायित्व, सोह्रौँ योजना, सुदूरपश्चिम सरकारको दोस्रो पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, नगरपालिकाको आवधिक योजना, नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आधार मानिएको छ ।

बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समितिको राय, सल्लाह तथा सूझावलाई मार्गदर्शनको रुपमा लिई निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ तथा नगरबासीबाट प्राप्त राय सुझावलाई समेत समावेश गरेको छु ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तूत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात कार्यकालको पाँचौ बजेट हो ।

प्रस्तुत बजेट तथा कार्यक्रमले नगरपालिकाको पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास तथा सुशासन तथा संस्थागत क्षमता विकास गर्ने उद्देश्य राखेको छ । साथै बजेटको कार्यान्वयनबाट स्वरोजगार र उद्यमशिलताका अवसरहरु सिर्जना हुने विस्वास लिएको छु । आर्थिक वर्ष २०८३/८४ को लागि यसै नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रममा उल्लेखित प्रथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यहरु,**

**अब म यहाँहरु समक्ष आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम तथा आय व्ययको यथार्थ विवरण पेश गर्न चाहान्छु ।**

आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक स्रोतबाट रु ४९ लाख ४० हजार ८ सय १८ रुपैयाँ, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु. ४७ करोड ४६ लाख ५३ रुपैयाँ, राजश्व बाँडफाँडबाट रु. ११ करोड ९२ लाख ६८ हजार ५ सय ४६ रुपैयाँ र गत वर्षको मौज्दात रु. ४५ लाख २९ हजार ६ सय २९ रुपैयाँ गरी कुल आय रु. ५७ करोड ६५ लाख ९७ हजार ३

सय २१ रुपैयाँ भएको देखिन्छ । आ.व. २०८१/०८२ को कुल अनुमानित आयको ८८.२९ प्रतिशत रहेको छ। त्यसै गरी कुल व्यय तर्फ रु. ५६ करोड ८८ लाख १४ हजार ४ सय ३० रुपैँया मध्ये चालु तर्फ रु. ४६ करोड ८५ लाख ३७ हजार ७ सय ३ रुपैयाँ र पुँजीगत तर्फ रु. १० करोड २ लाख ७६ हजार ७ सय २६ रुपैयाँ रहेको छ। कुल आय मध्ये संघ र प्रदेश सरकारलाई नियमानुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी बचत रकम रु. ९१ लाख ३९ हजार ६ सय ५ रुपैँया संचित कोषमा रहेको।

चालु आर्थिक वर्ष २०८२/८३ को प्रक्षेपित कुल आय रु. ६६ करोड ३४ लाख ४ हजार ६ सय ४१ रुपैँया मध्ये जेठ मसान्तसम्म रु. ५८ करोड ६६ लाख ५७ हजार ६ सय ५९ रुपैयाँ प्राप्त भएको छ। जस मध्ये, आन्तरिक श्रोतबाट रु.३१ लाख ४३ हजार १ सय ५३ रुपैयाँ, गत आ.व. को मौज्दात रु. ९१ लाख ३९ हजार ६ सय ५ रुपैँया, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु. ४७ करोड ३४ लाख ३६ हजार ८ सय ४४ रुपैयाँ, राजश्व बाँडफाँटबाट रु. १० करोड १९ लाख १६ हजार ६ सय ९८ रुपैयाँ प्राप्त भएको छ। जुन अनुमानित कुल आयको ८८.४३ प्रतिशत हुन जान्छ। त्यसैगरी, चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म रु. ४५ करोड ४० लाख ५२ हजार १ सय ६९ रुपैयाँ खर्च भएको छ जुन अनुमानित खर्चको ६८.४४ प्रतिशत हुन जान्छ। जेठ मसान्तसम्म भएको कुल खर्च मध्ये चालु तर्फ रु. ४० करोड ५६ लाख ९६ हजार ४ सय १५ रुपैयाँ अर्थात ७६.२ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको तेस्रो त्रैमासिकसम्मको खर्च रु. १३ करोड ५६ लाख ६७ हजार ६ सय १३ रुपैयाँ समावेश गरिएको छैन र पुँजीगत तर्फ रु. ४ करोड ८३ लाख ५५ हजार ७ सय ५३ रुपैयाँ अर्थात ३६.९ प्रतिशत खर्च भएको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

**अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरू प्रस्तुत गर्दछु।**

चालु आर्थिक वर्षमा प्रक्षेपित लक्ष्य मुताविक आय हुन सकेको छैन। आन्तरिक राजश्वबाट हुने आय, नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडमा समेत संकुचन आएको छ। जसले गर्दा पूर्वनिर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न र कार्य सम्पन्न योजनाको भुक्तानीमा समस्या सिर्जना भएको छ।

नगरपालिकाका रुपान्तरणकारी आयोजनामा स्रोत परिचालन गर्न पर्याप्त रकम नहुनु, निश्चित समय निर्धारण गरी तोकिएका वहुवर्षीय आयोजनाहरुको निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न नहुँदा तथा श्रोत अनुसार अनुमान भएको रकमको कटौती हुँदा भुक्तानी दायित्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार गुणात्मक हिसावले थपिदै जानुले नयाँ गौरव र रुपान्तरणकारी योजनाहरुमा रकम विनियोजन गर्न सकिएको छैन।

वार्षिक नीति तथा कार्यक्रममा समेटिएका विषयगत कार्यक्रमसँग अन्तरसम्बन्धित हुने गरी नगरपालिकाको समग्र विकासका लागि पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपन्छी विकास, उद्यमशीलता विकास, सुशासन प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकता दिई बजेट तर्जुमा गरिएको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

माथि उल्लेखित चुनौतीका आधारमा संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक श्रोतको अधिकतम परिचालन गर्दै नगरपालिकाको सर्वाङ्गीण विकास गर्न बजेटका उद्देश्य तथा प्राथमिकताहरु निम्न अनुसार तय गरेको छु:

**आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्यहरु :**

१. गुणस्तरीय शिक्षा, कृषि, स्वास्थ्य, पुर्वाधार लगायतका आधारभूत आवश्यकतामा नगरबासीहरुको सर्वसुलभ पहुँच तथा गुणस्तर स्थापित गर्ने।

२. सरकारी, निजी, र सहकारी क्षेत्रसँग समन्वय र साझेदारी गर्दै कृषि तथा पशुपन्क्षी, उद्योग, वन तथा वातावरण र पर्यटन क्षेत्रको प्रवद्धन गरी रोगजारी सिर्जना गर्ने।

३. सार्वजनिक सेवा सुविधाको न्यायोचित वितरण तथा सचेतना मार्फत सुशासन अभिवृद्धि गर्दै नगरपालिकबाट सम्पादित कार्यक्रमहरु पारदर्शी, व्यवस्थित, मितव्ययी र जवाफदेहीपूर्ण ढङ्गबाट प्रविधि मैत्री बनाई सञ्चालन हुने व्यवस्था मिलाउने ।

४. नगर क्षेत्रभित्र अतिक्रमणमा रहेका खोलानाला, सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण हटाउने र सार्वजनिक तथा प्राकृतिक सम्पत्तिलाई संरक्षण तथा नियमन गर्ने ।

**आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकता क्षेत्रहरु:**

१. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत आवश्यकतामा नगरबासीहरुको सर्वसुलभ पहुँच।

२. कृषि. पशुपन्क्षी, उद्योग र पर्यटन क्षेत्रको व्यवसायीकरण।

३. दिगो पूर्वाधार विकास, सरसफाई तथा शहरी विकास।

४. वन तथा वातावरण, भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण प्रवर्द्धन एवम् विकास।

५. मानव पुँजी विकास तथा संस्थागत सुशासन।

६. आर्थिक रुपले विपन्न, अल्पसंख्यक तथा लक्षित वर्गको सशक्तीकरण।

७. नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार लगायत अन्य सरकारी तथा गैरसरकारी निकायबीच नगरपालिकाको समुन्नतिका लागि साझेदारी कार्यक्रमहरु।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

आर्थिक वर्ष २०८३/८४ को बजेटले निर्धारण गरेका उद्देश्य एवम् प्राथमिकता अनुसार कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेको छु:

१. विषयगत क्षेत्र, बस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकीकरणसहित माग भई आएका आयोजनाहरुमा बजेट विनियोजन गरिएको छ।

२. नगरपालिकाभित्र आयोजना सञ्चालन गर्दा बहुसंख्यक जनताले लाभ लिन सक्ने, गरिबी निवारण, रोगजारी सिर्जना तथा दिगो विकास लक्ष्य हासिल हुन सहयोग पुग्ने आयोजनाहरुमा बजेट विनियोजन गरिएको छ।
३. अल्पसंख्यक समुदाय, जेष्ठ नागरिक, दलित, महिला, विपन्न, अपाङ्गता भएका नागरिकको हित, उन्नति र प्रगतिका लागि कार्यक्रम सञ्चालन गर्ने।
४. ठूला आयोजनाहरु, जस्तै; सडक, पार्क, पर्यटकीय पुर्वाधार तथा भवन निर्माणको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति लगायतका तयारी पूरा गरेर बजेट विनियोजन गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।
५. बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गरिनेछ।
६. आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।
७. विगत लामो समयदेखि ठेक्का व्यवस्थापन भएका तर दुईपटक वा सोभन्दा बढी म्याद थप गरिएका तथा नगरपालिकालाई आर्थिक दायित्व सिर्जना हुँदै आएका आयोजनाहरूको म्याद थप गरिने छैन साथै प्रचलित कानून अनुसार हर्जाना लगाई आयोजना सम्पन्न गराइनेछ।
८. नगरपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार एवम् सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।
९. प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयार गरी आगामी भाद्र महिनाभित्र सम्पन्न गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजाने वातावरण मिलाइनेछ।
१०. नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाइनेछ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को क्षेत्रगत र विषयगत रुपमा विनियोजित बजेट प्रस्तुत गर्दछु।**

## पूर्वाधार विकास

- सडकहरूलाई सुरक्षित, दीगो र भरपर्दो बनाउन नगर सडक गुरूयोजना तर्जुमा गर्नेछौँ। सबै सडकहरू बाह्रै महिना सञ्चालन हुने गरी मर्मत सम्भार गर्ने छौँ। विद्यमान सडकहरूको स्तरोन्नतीलाई प्राथमिकताका साथ बजेट विनियोजन गरेका छौँ। सडक मर्मत तथा सरसफाई गर्न तथा नयाँ ट्र्याक खोल्न एक्साभेटर खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- पालिकास्तर तथा वडास्तरीय योजनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु। निर्माणाधिन सडकहरू, भवनहरूलाई तोकिएको समयमा सम्पन्न गर्न श्रोतको व्यवस्था मिलाएको छु।

## सामाजिक विकास

## शिक्षा क्षेत्र

- यस नगरपालिका भित्रका सम्पूर्ण बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चितताको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- विद्यालयहरूको नगर शिक्षक, वालविकास र कक्षा ११ र १२ मा निःशुल्क शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- नगरपालिका भित्र उच्च शिक्षा दिँदै आएका क्याम्पसमा शैक्षिक गुणस्तर सुधारका लागि विगतदेखि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरूको क्षमता विकास तालिम प्रशिक्षणका लागि बजेट विनियोजन गरेको छु । नगर स्वयम्सेवक शिक्षकहरूलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- खेलकुद क्षेत्रको विकास गर्न र उत्कृष्ट खेलाडि निर्माण गर्न राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरिने छ, त्यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## स्वास्थ्य क्षेत्र

- यो नगरपालिकाका पाँच वर्ष मूनिका बालबालिकालाई पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा भएको छ । सबैको योगदान र मेहनतले मात्र यो सम्भव भएको हो । सम्पूर्ण नगरबासीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
- निशुल्क औषधी वितरण, स्वास्थ्य शिविर सञ्चालन लगायतका विगतका राम्रा कामलाई निरन्तरता दिएको छु । आकस्मिक स्वास्थ्य सेवामा उपलब्ध गराएको बजेटलाई निरन्तरता दिएको छु ।
- स्वास्थ्य स्वयम् सेविकाहरूलाई दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु । आँखा उपचार केन्द्रलाई थप सुदृढीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु । नगरपालिकाका सबै वडाहरूमा रहेका बर्थिङ्ग सेन्टरबाट प्रदान गरिने सेवालाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु । आयुर्वेद स्वास्थ्य सेवाको पँहुच र उपभोग बढाइने छ । यी सबै कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## सामाजिक समावेशीकरण

- महिला सशक्तीकरणको लागि विविध क्रियाकलाहरू सञ्चालन गरिनेछ । अपाङ्ग, दलित तथा विपन्न महिलाहरूका लागि आयमा आधारित सिप विकासका कार्यक्रमहरू सञ्चालनको लागी आवश्यक बजटको व्यवस्था गरेको छु ।

## न्यायिक समिति

- न्यायिक समितिमा आवश्यकता अनुसार अधिवक्ताको सेवा लिइने छ । मेलमिलाप कर्ताहरूलाई तालिम प्रदान गरिनेछ । घरघरमा न्याय प्रदान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्रहरूको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## आर्थिक विकास

### कृषि तथा पशुपन्क्षी

- मिनिकिट कृषकहरूलाई गर्न उत्पादन तरकारी अर्गानिक, टनेल तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । आइपीएम कृषक पाठशाला तालिम सञ्चालन गरिनेछ । कृषकहरूलाई पोलिहाउसमा अनुदान दिइनेछ । कृषि क्षेत्रको विकास र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- पशुपन्क्षी जन्य रोग र माहामारी खोप नियन्त्रणको लागी पशुपन्क्षी प्रयोगशाला सञ्चालनमा ल्याउने छौँ । यस नगर क्षेत्र भित्रका घरपालुवा तथा छाडा छोडिएका सबै कुकुरहरूमा रेबिज बिरुद्धको खोप लगाउने कार्यक्रम सञ्चालन गर्नेछौँ । पशु चौपायाहरूमा देखिने आकस्मिक महामारीहरूको निवारण गर्न औषधी वितरणको प्रबन्ध मिलाएका छौँ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### उद्योग व्यापार, उद्यमशीलता र रोजगारी

- युवा तथा विद्यार्थीहरूलाई डिजिटल तथा एआई सम्बन्धी अभिमुखीकरण गरिनेछ । डिजिटल मार्केटिङ र कन्टेन्ट क्रियसन सम्बन्धी तालिम प्रदान गर्न बजेटको व्यवस्था गरेका छौँ ।

- उद्यमीहरुलाई मागमा आधारित सिप विकास तालिम सञ्चालन गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

- स्थानीय रोजगार सेवा केन्द्रद्धारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकण तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ । श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको कामलाई सहज र शिघ्र बनाउन रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### वन, वातावरण तथा विपद व्यवस्थापन

- विपद् पुर्वतयारी, खोज तथा उद्दार, राहत सामाग्रीको भण्डारण तथा वितरणको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- माहामारी लगायतका विभिन्न विपद् प्रतिकार्यका लागि विपद व्यवस्थापन कोष तथा आर्थिक सहायता कोष परिचालनको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिकाको बजारक्षेत्रमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ साईट निर्माणको विस्तृत सम्भाव्यता अध्ययनको लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

### सुशासन तथा संस्थागत क्षमता विकास

- संघीय सरकारले वृद्धि गरेको कर्मचारीको तलब सुविधा अनुसार हुने गरि स्थायी कर्मचारीहरुको हकमा महङ्गी भत्तालाई निरन्तरता दिँदै हालको आधारभुत तलबमानमा १० प्रतिशत वृद्धि गरि नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु । साथै दरबन्दी  करारमा कार्यरत कर्मचारीको हकमा आधारभूत तलब मानमा १० प्रतिशतले वृद्धि गरेको छु र लागत साझेदारिमा कार्यरत कर्मचारीहरुको हकमा संघीय सरकारबाट प्राप्त हुने रकम अनुसार लागत साझेदारि गरिनेछ ।

- उच्च कार्यचाप भएको महसुस गरी तोकिएका कर्मचारी तथा फिल्ड जाने पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा चौथौ तहको हकमा रु ८ हजार, पाँचौ तहको हकमा रु १० हजार,छैटौँ/सातौँ तहको हकमा रु १२ हजार र आठौँ/नवौँ तहको हकमा रु १५ हजार फिल्ड भत्ता दिने व्यवस्था गरेको छु ।
- अनलाईन प्रणालीबाट दिने सेवालाई प्रभावकारी बनाउन सबै वडामा निरन्तर र गुणस्तरीय इन्टरनेटको प्रवन्ध मिलाएको छु ।
- गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका कार्यक्रमलाई निरन्तरता दिएको छु ।

<u>विविध</u>

- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी तथ्याङ्कहरू आवधिक रुपमा नवीकरण/संसोधन गर्न Finger Print Machine र IRIS device को व्यवस्था र सम्बन्धित कर्मचारीहरूलाई अभिमुखीकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरभित्र सञ्चालित व्यापार, उद्योग तथा अन्य व्यवसायहरूको दर्ता र नवीकरणलाई अनिवार्य गरिनेछ । नगरभित्रका सबै व्यापार व्यवसायको डिजिटल तथ्याङ्क तयार गरिनेछ । आन्तरिक राजश्व अभिवृद्धिका लागि घर वहाल कर, व्यवसाय कर, साथै अन्य क्षेत्रको करको दायरा बढाइनेछ । कर सचेतना तथा कर अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी कर संकलनको लागि Mobile Team परिचलन गरिनेछ । यी सबै कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**अव म आगामी आर्थिक वर्ष २०८३/८४ बजेटमा उल्लेखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आर्थिक वर्ष २०८३/८४ का लागि कुल आय रु. ७३ करोड १३ लाख ७६ हजार रुपैँया हुने अनुमान गरेको छु ।

**कुल आयको श्रोतगत विवरण निम्न अनुसार रहेको छः**

- आन्तरिक आय तर्फ रु. ४० लाख ५० हजार,
- संघीय सरकार राजश्व बाँडफाँडबाट रु १२ करोड ९ लाख १७ हजार ,
- प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. ३६ लाख १६ हजार,
- नेपाल सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरणवाट रु. ४८ करोड ५६ लाख,
- प्रदेश सरकार अन्तर सरकारी वित्तीय हस्तान्तरणवाट रु. ११ करोड ३६ लाख ९३ हजार,

- नगद बैंक मौज्दात रु. ३५ लाख,
- कुल जम्मा आय रु. ७३ करोड १३ लाख ७६ हजार।

साथै कुल व्ययको क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ।

- चालु खर्च तर्फ रु. ५१ करोड १९ लाख ६३ हजार २ सय,
- पुँजीगत खर्च तर्फ रु. २१ करोड ९४ लाख १२ हजार ८ सय ,
- कुल जम्मा खर्च तर्फ रु. ७३ करोड १३ लाख ७६ हजार।

प्रस्तुत बजेटको अनुमान आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको व्यहोरा यस नगरसभा समक्ष जानकारी गराउन चाहन्छु।

खर्चतर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ। व्ययको चालु प्रशासनिक खर्चतर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब सेवा सुविधाका साथै नगरबाट उपलब्ध हुने सेवा सुविधा समेत गरी कार्यरत सम्पूर्ण कर्मचारीहरुको तलब, भत्ता र अन्य सुविधा वापतको रकम समावेश गरिएको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

अब माथि प्रस्तुत गरेको नगरपालिकाको गत वर्ष २०८१/८२ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८२/८३ संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभामा छलफल भै पारित हुनका लागि प्रस्ताव पेश गर्दछु। त्यसैगरी, आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित आर्थिक विधेयक, २०८३ का लागि प्रस्ताव गरिएको करका दरहरुको अनुमान र विनियोजन विधेयक, २०८३ का लागि प्रस्ताव गरिएको प्रशासनिक र विकास खर्चको बाँडफाँडको अनुमान रू. ७३ करोड १३ लाख ७६ हजार रुपैयाँ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव पेश गर्दछु।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु,**

प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि अमुल्य राय, सुझाव दिनु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, सबै विषयगत समितिका संयोजकज्यू एवं सदस्यज्यूहरु लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनुहुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरु, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु। अन्त्यमा, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्राप्त कार्यक्रमहरू साझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल सम्पूर्ण बुद्धिजिवी एवम् प्रवुद्ध वर्गहरू आम नगरबासी आमा, दाजुभाई,

दिदीबहिनीहरू, निजी क्षेत्र, सञ्चार क्षेत्र, नागरिक समाज, नगरपालिकाका सम्पूर्ण कर्मचारी, नेपाल प्रहरी लगायत कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील  संघ संस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

२०८३ असार १० गते बुधबार !

श्रीमती मिना धानुक
उपप्रमुख
पुर्चौडी नगरपालिका